# शान्तिनगर गाउँपालिकाका अध्यक्ष श्री प्रमोद बस्नेतले १८ औँ गाउँ सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम

**(२०८२ असार १० गते मंगलवार)**

\

**शान्तिनगर गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**चिराघाट, दाङ**

**लुम्बिनी प्रदेश, नेपाल**

**गाउँ सभाका सम्पूर्ण सदस्यहरु,**

शान्तिनगर गाउँपालिकाको गरिमामय १८ औं गाउँ सभा समक्ष आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरबको महसुस गरेको छु ।

सर्वप्रथम राष्ट्रहित,गणतन्त्र र अधिकार प्राप्तिका लागि अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान सहिदप्रति श्रद्धासुमन अर्पण गर्दछु। घाइते र बेपत्ता योद्धाले पुर्याउनु भएको योगदानको स्मरण गर्दै संघिय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक निर्माणको लागि सबै आन्दोलन तथा संघर्षको नेतृत्व गर्नुहुने अग्रजप्रति उच्च सम्मान व्यक्त गर्दछु। शान्तिनगर गाउँपालिकाको दायित्व, सुशासन र समृद्धिको स्थायित्व कायम गर्ने लक्ष्यका साथ शान्तिनगर गाउँपालिकामा नीतिगत, कानुनी तथा संस्थागत आधार तयार भई शान्तिनगर गाउँपालिकाबाट सम्पादन गर्नुपर्ने महत्वपूर्ण कार्यले निरन्तरता पाउने गरि बिगत ८ वर्षदेखि जनउत्तरदायी सार्बजनिक सेवा प्रवाहमा शान्तिनगर गाउँपालिका अगाडी बढिरहेको छ । स्थानीय सरकारले प्राप्त गरेका उपलब्धिलाई संस्थागत गर्दै संघीयताको मर्म अनुरुप नागरिकमा थप आशा र भरोसा पैदा गर्न आर्थिक, सामाजिक रुपान्तरणको गतिशीलता बढाउन र जनमैत्री सेवा प्रवाह मार्फत सुशासन कायम गर्न शान्तिनगर गाउँपालिका प्रतिबद्ध छ ।

शान्तिनगर गाउँपालिकाले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसाथ गरेको छ। यी अनेकन विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्न शान्तिनगर गाउँपालिका एकदमै क्रियाशील रहेको छ। वर्गीय, जातीय, भाषिक, धार्मिक, लैंगिक र सबै खाले विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्यायमा आधारित समतामूलक समाजको निर्माणमा शान्तिनगर गाउँपालिका प्रतिबद्ध छ । हालसम्मका उपलब्धि र प्रतिबद्धतालाई केन्द्रमा राखी सुशासन प्रवर्द्धन गर्न र शान्तिनगर गाउँपालिकाको पूर्वाधार संरचना विकास, सामाजिक तथा आर्थिक विकासको क्षेत्रमा सहभागितामुलक पद्वतिको विकास मार्फत आर्थिक लक्ष्य हासिँल गर्न शान्तिनगर गाउँपालिका कटिबद्ध छ।

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह विच सहकार्य, सह-अस्तित्व र समन्वयलाई सुदृढ गर्दै प्रदेश र संघीय सरकारसँग समन्वय गरी शान्तिनगर गाउँपालिकाकोअग्रगामी विकास गर्नु आजको मुख्य आवश्यकता हो ।अनुपम प्राकृतिक सम्पदा तथा स्रोत, दाङको प्रसिद्ध आस्थाको केन्द्र सुकेकोट मन्दिर, खर्काकोट दरबार सँगसँगै कलकलाउदो बबई नदी लगायतका सौन्दर्यमूलक स्थान र असीमित विकासका सम्भावनाहरू बोकेको स्थानीय तह हामीले प्राप्त गरेका छौं। संविधान प्रदत्त अधिकारको सीमा भित्र रही शान्तिनगर गाउँपालिकाको समग्र क्षेत्रमा सन्तुलित एवं विशिष्ट तथा पृथक आवश्यकताका आधारमा स्थान विशेषका लागि लक्षित कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । विभिन्न योजना कार्यान्वयन मार्फत शान्तिनगरबासिको जनजिबिकालाई आर्थिक गतिविधिसँग आबद्धता गरी सामाजिक तथा मानवीय विकासका पूर्वाधारलाई समेत उच्च प्राथमिकतामा राख्दै

शान्तिनगर गाउँपालिकालाई अब्बल स्थानीय तहको रुपमा स्थापित गराउन राजनीतिक, प्रशासनिक क्षेत्र लगायत समाजका सबै तह र तप्काबाट आफ्नो भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता छ । सोही अनुरुप शान्तिनगर गाउँपालिकामा शान्ति सुरक्षा, अमन चयन कायम गराई सार्वजनिक सेवा प्रबाहलाई सरल बनाउन विभिन्न कानून निर्माण, विकास व्यवस्थापन तथा सूचना प्रविधि मैत्री सेवा प्रवाह सहित रोजगारी सिर्जनाका लागि क्षेत्रगत कार्यक्रमहरु तय गरिएका छन ।राजनीतिक, वित्तीय र प्रशासनिक संघीयताका आधारहरूलाई संस्थागत गर्दै गुणस्तरीय, दिगो र प्रतिफलमुखी पूर्वाधार निर्माणसहित शान्तिनगर गाउँपालिका भित्रका सबै वडाहरूमा सन्तुलन कायम हुने गरी बजेट निर्माण तथा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

**गाउँ सभाका सम्पूर्ण सदस्यहरु,**

**अब म आर्थिक वर्ष २०८१/८२ सम्म शान्तिनगर गाउँपालिकाले कार्यसम्पादन गरेका क्षेत्रगत विषयको कार्य प्रगति सम्बन्धमा संक्षिप्त जानकारी प्रस्तुत गर्दछु ।**

- शान्तिनगर गाउँपालिकाका महत्त्वपूर्ण आयोजना र दीर्घकालीन रणनीतिक महत्वका आयोजनाहरूको प्राथमिकिकरण गरी क्रमश कार्यान्वयन गर्दै लगिएको छ ।
- गाउँपालिका स्तरीय गौरवका योजना अन्तर्गत मुख्य मुख्य सडकहरु कालोपत्रे भईसकेका र कुनै सडक कालोपत्रे हुने प्रक्रियामा रहेका छन ।
- शिक्षा, स्वास्थ्य, खेलकुद, कृषि विकास, पशु विकास, भौतिक पुर्वाधार विकास, सडक निर्माण, विद्यालय भवन निर्माण, अन्य सार्वजनिक भवन निर्माण तथा मर्मत सुधारका कार्य सम्पन्न भएका छन ।
- स्थानीय विषयबस्तु केन्द्रित रहेर आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रम तथा कक्षा ६-८ को स्थानीय पाठ्यपुस्तक निर्माण भई कार्यान्वयनको चरणमा रहेको छ ।
- सिपयुक्त दक्ष जनशक्तिको उत्पादन संगै गुणस्तरीय शिक्षाको प्रवर्धनात्मक विकास तथा सार्वजनिक शिक्षाको सबलिकरणमा जोड दिइएको छ ।
- औपचारिक तथा अनौपचारिक माध्यमबाट अनिवार्य तथा निःशुल्क शिक्षाको संवैधानिक व्यवस्था कार्यान्वयनमा जोड दिँदै शिक्षा प्राप्तिमा वालवालिकाको पहुँच विस्तारको योजना कार्यान्वयन गरिएको छ ।
- युवाहरुमा रहेको अन्तर्निहित क्षमताको प्रस्फुटन हुने प्रकारले युवा मैत्री क्रियाकलापमा जोड दिइएको छ ।जिल्ला तथा स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड, अध्यक्षकप खेलकुद प्रतियोगिता, लगयातका अन्य खेलकुद प्रतियोगिता सञ्चालन भएका छन ।
- स्थानीय सिप, ज्ञान, कला, सामाजिक सास्कृतिक सम्पदाहरुको जगेर्नामा जोड दिइएको छ ।
- आधुनिक कृषि प्रणालीमा सबै नागरिकको सहज पहुँच विस्तार गरिएको छ ।

- स्वस्थ जिवनशैलीको अभ्यास, सहभागितात्मक कार्यक्रम कार्यान्वयनमा जोड, महिला, वालवालिका तथा जेष्ठ नागरिकको हित प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गरिएका छन ।
- स्वास्थ्य सेवामा शान्तिनगरबासि नागरिकको सहज पहुँचको लागि शान्तिनगर गाउँपालिकाको वडा नं. ०२ मा १५ सैयाको अस्पताल निर्माण भएको छ ।
- शान्तिनगर गाउँपालिकाबाट कृषि सेवालाई नागरिकमैत्री बनाउन किसान सञ्जाल गठन तथा किसान सुचिकरणको कार्य प्रारम्भ भएको छ ।
- सामाजिक सुरक्षाको प्रबन्ध, वाल विवाह न्युनिकरण, लागु औषध दुर्व्यसन निराकरण, सरल सार्वजनिक सेवा प्रवाह, अभिलेख व्यवस्थापन जस्ता महत्वपूर्ण क्षेत्रमा शान्तिनगर गाउँपालिकाले नतिजामा आधारित रहेर प्रभावकारी तवरले दिगो उपलब्धि हाँसिल गराउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

**गाउँसभाका सम्पूर्ण सदस्यहरु,**

नेपालको संविधान २०७२ अनुसार संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका एकल तथा साझाअधिकारका सूचीको कार्यान्वयनका लागि शान्तिनगर गाउँपालिकाले गरेका दीर्घकालीन महत्वका निर्णय दिगो बनाउने रणनीति, शान्तिनगर गाउँपालिकाबासि दिदी बहिनी, दाजु भाई तथा आमा बुवाहरुको सर्वोत्तम हित हुने गरी सबै नागरिक समक्ष प्रस्तुत गरेका प्रतिबद्धता र शान्तिनगर गाउँपालिकाको आवधिक योजनामा उल्लिखित न्यूनतम साझा कार्यक्रमलाई आधार लिँदै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जस्ता कानुनी दस्ताबेजको मार्गदर्शनको आधारमा शान्तिनगर गाउँपालिकाले जोड दिएको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष पेश गर्न चाहन्छु ।

## संस्थागत विकास तथा सुशासन प्रवर्धनः

१. सुशासन प्रवर्द्धन तथा नागरिक मैत्री सेवा प्रवाहमा जोड दिई शान्तिनगर गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गरिनेछ। संघ, प्रदेशका विभिन्न निकायहरुको सहकार्यमा Digital प्रविधीलाई उपयोग गरी सुशासन प्रबर्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
२. सेवा प्रवाहलाई सूचना प्रविधि मैत्री हुने किसिमको रणनीति तथा कार्ययोजना प्रभावकारी कार्यान्वयन गरिनेछ।सेवाग्राही सन्तुष्टी मापन प्रयोजनको लागि शान्तिनगर गाउँपालिका भित्र रहेका सार्वजनिक निकायमा गुनासो सुनवाई संयन्त्रलाई प्रभावकारी बनाइनेछ।
३. सार्वजनिक सेवा प्रवाहलाई परिणाममुखि र प्रभावकारी बनाउन घरबाटै अनलाईन माध्यमबाट सेवा उपभोग गर्ने रणनीति लागू गर्दै लगिनेछ ।
४. सेवाग्राहीको सहजताको लागि सार्वजनिक सेवा प्रवाहको बारेमा जानकारीको लागी डिजिटल डिस्प्ले वोर्ड निर्माण, टोकन सिस्टमको विकास, उपयुक्त सेवा लाई जनताको नजिकको

संरचना वडामा हस्तान्तरण, राजश्व दाखिलामा डिजिटल-पे प्रणालीको विकास जस्ता कार्य गरी सेवा प्रवाहलाई सरल बनाईनेछ।

५. शान्तिनगर गाउँपालिकाको संगठन संरचना, स्विकृत दरबन्दी अनुसार पदाधिकारी तथा प्रशासनिक इकाईहरुको कार्यविवरण-२०८२ तर्जुमा गरी कार्यसम्पादन सम्झौता गरी संस्थागत लक्ष्य हाँसिल गर्ने नीति अबलम्बन गरिनेछ ।

६. स्थानीय तह संस्थागत स्वमुल्याङ्कन तथा स्थानीय तह वित्तिय सुशासन तथा जोखिम मुल्याङ्कन प्रणालीसंग सम्बन्धित कार्यक्रम तर्जुमा गरी संस्थागत क्षमता विकास गर्ने नीतिमा जोड दिइनेछ ।

७. शान्तिनगर गाउँपालिकाका विषयक्षेत्र संग सम्बन्धित तथ्याङ्क संकलन मार्फत डिजिटल प्रोफाईल तयार गरिनेछ ।

८. शान्तिनगर गाउँपालिकाको सुचना तथा जानकारीको प्रसारणका लागि संभाव्यता अध्ययन गरी सामुदायिक **FM Radio** सञ्चालन गरिनेछ ।

९. "अध्यक्षको ध्यानः जनताको गुनासो समाधान" भन्ने नारा सहित जनता संग अध्यक्ष कार्यक्रम तर्जुमा गरी प्रत्येक त्रैमासिकको पहिलो हप्ता "गुनासो समाधान संवाद कार्यक्रम" सञ्चालन गरिनेछ ।

१०. शान्तिनगर गाउँपालिकाबासी विभिन्न समुदायका गरिव, जेहेन्दार युवाहरुको लोकसेवा तथा शिक्षक सेवा आयोगमा पहुँच विस्तार गर्न तयारी कक्षा सञ्चालन मार्फत क्षमता अभिवृद्धि गरिनेछ ।

११. सार्वजनिक सेवा प्रवाहमा नागरिकको सहज पहुँच विस्तार गर्न सुचना प्रविधी मैत्री एकिकृत घुम्ति सेवा सञ्चालन गरिनेछ ।

१२. शान्तिनगर गाउँपालिका तथा मातहतका कार्यालय, विद्यालय, स्वास्थ्य संस्थामा कार्यरत राष्ट्रसेवक कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मीहरुलाई उच्च मनोवलयुक्त वनाई गुणात्मक सार्वजनिक सेवा प्रवाहमा उत्प्रेरित गर्न स्रोत साधनको आंकलन गरी सुविधामा बढोत्तरी गर्ने नीति अबलम्बन गरिनेछ ।

## योजना अनुगमन तथा सार्वजनिक-निजी साझेदारीः

१३. शान्तिनगर गाउँपालिकाको हरेक क्षेत्रको विकासलाई उपलब्धिमुलक बनाउन सार्वजनिक निजी साझेदारी कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

१४. संघ, प्रदेश तथा अन्य संघ संस्थाको साझेदारीमा योजना तथा कार्यक्रमको कार्यान्वयनलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।

१५. "आफ्नो गाउँ-आफै बनाउ" भन्ने अभियान श्वरुप स्थानीय नागरिकको प्रत्येक्ष सहभागितामा आयोजना कर्यान्वयनमा लागत साझेदारी सम्बन्धि कानुन निर्माण गरी कम्तिमा १०% नगद साझेदारी हुने गरी योजना कार्यान्वयन गरिनेछ ।

१६. असार केन्द्रित खर्च प्रणालीलाई सन्तुलन गर्न योजना सम्झौता, जाँचपास, फरफारक र भुक्तानीलाई निश्चित समयावधि निर्धारण गरि नागरिक मैत्री बनाई कार्यान्वयन गरिनेछ ।

१७. भौतिक पुर्वाधार निर्माण, फोहोरमैला व्यवस्थापन, सुरक्षित वैदेशिक रोजगारको सुचना प्रवाह, विपद व्यवस्थापन लगायतका संस्थागत क्षमता विकास तथा अभिवृद्धि जस्ता क्षेत्रमा आपसी सम्वन्धका आधारमा अन्तर स्थानीय तह साझेदारी कार्यक्रमलाई विशेष महत्वका साथ अगाडि बढाउने कार्यक्रम विस्तार गरिनेछ ।

१८. "प्रत्येक हप्ताको विहिबारः योजना अनुगमनको बारः लक्ष्य प्राप्तीको आधार" भन्ने अभियानलाई सार्थक बनाउन गाउँपालिकास्तरीय विभिन्न योजना अनुगमन, सुपरीबेक्षण गर्ने नीति अबलम्बन गरिनेछ।

१९. उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनालाई टोल बिकास संस्था मार्फत कार्यान्वयन गरिने छ ।

२०. गाउँपालिका भित्रको यातायात व्यवस्थापनलाई दिगो र प्रभावकारी वनाउन यातायात गुरु योजना तर्जुमा गरिनेछ ।

२१. अधुरा, अपुरा र विपदजन्य घटनाले क्षति पुगेका संरचना निर्माणको लागि मर्मत संभार कोष स्थापना गरी योजनाको कार्यान्वयन गरिनेछ ।

२२. सार्वजनिक संरचनाहरु निर्माण गर्दा जग्गा उपयोग अधिकार तथा स्वामित्व नभएसम्म पूर्वाधार निर्माणको लागि बजेट विनियोजन गरिनेछैन ।

## शिक्षा, युवा तथा खेलकुद तर्फः

२३. शिक्षामा प्रविधिको पहुँच विस्तार गर्न तथा शैक्षिक नतिजा सुधारका लागि नविन सिकाई गुरु योजना निर्माण गरी नवप्रवर्तनमा आधारित शिक्षक पेसागत क्षमता विकासका विभिन्न शैक्षिक कार्यक्रम कार्यान्वयन गरिनेछ।

२४. सामुदायिक विद्यालयमा समुदायको अपनत्व बढाउन "म बनाउँछु मेरो विद्यालय" भन्ने भावनाको विकास मार्फत सार्वजनिक शिक्षा विकासमा सवै सरोकारवालाहरुको संयुक्त सहभागितामा "हाम्रा विद्यार्थी : हाम्रो जिम्मेवारी, हाम्रा विद्यालय : राम्रा विद्यालय" कार्यक्रम कार्यान्वयन गरिनेछ।

२५. शिक्षामा सीप कार्यक्रमलाई पढ्दै कमाउँदै कार्यक्रमको अभिन्न अङ्गको रुपमा विकास गरी सिपयुक्त दक्ष जनशक्तिको विकासमा योगदान पुर्याउन माध्यमिक तहका कक्षामा अध्ययन गर्ने विद्यार्थी लक्षित सिपमुलक क्रियाकलाप कार्यान्वयन गरिनेछ।

२६. शिक्षामा प्रोत्साहित गर्न हरेक बालबालिकाको नतिजाको आधारमा शिक्षक, विद्यालय तथा विद्यार्थीलाई प्रोत्साहनमूलक कार्यक्रम कार्यान्वयन गरिनेछ।

२७.शान्तिनगर गाउँपालिका भित्र स्थायी ठेगाना भई हाल चिकित्साशास्त्र/डाक्टर तथा पाईलट अध्ययन गर्ने विद्यार्थीहरुलाई निश्चित मापदण्डको आधारमा प्रोत्साहन रकम उपलब्ध गराईनेछ ।

२८.गाउँपालिका अनुदान शिक्षक कोटालाई निश्चित मापदण्डको आधारमा सूचना प्रविधि शिक्षक, खेलकुद सहजकर्ता, शैक्षिक-उत्प्रेरक सहजकर्ता, पोषण सहजकर्ता, संगित सहजकर्ता जस्ता शिक्षक व्यवस्थापन हुने गरी मिलान तथा वितरण गरिनेछ।

२९.शान्तिनगर गाउँपालिका अन्तर्गत रहेका सबै प्रकारका सामुदायिक विद्यालयमा "जहाँ विद्यार्थी तँहा शिक्षक" कार्यक्रम कार्यान्वयन गर्न शिक्षक दरबन्दी मिलान, विद्यालय मर्ज/समायोजन तथा कक्षा/तह समायोजन गर्ने नीतिलाई थप व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

३०.विद्यालय बाहिर रहेका व्यक्तिलाई विद्यालय शिक्षामा पहुँच विस्तार गर्न अनौपचारिक तथा वैकल्पिक शिक्षाको माध्यमबाट शान्तिनगर गाउँपालिकाका सबै नागरिकले अनिवार्य आधारभूत शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित गर्ने कार्यक्रम अगाडी बढाईनेछ ।

३१.प्रचलित ऐन, कानुन वमोजिम संस्थागत विद्यालय सेवामुलक तथा लोककल्याणकारी हुने अभियानलाई अगाडी बढाउन तथा न्युन शुल्कमा शिक्षा प्रदान गर्न आवश्यक मापदण्ड विकास गरि संस्थागत विद्यालयहरुको नियमन गरिनेछ।

३२.शैक्षिक तथा प्रशासनिक दक्षता कायम राखि विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सामुदायिक विद्यालयहरुमा प्रतिस्पर्धाका आधारमा प्र.अ छनौट गर्ने मापदण्ड विकास गरि कार्यान्वयन गरिनेछ ।

३३.युवा मैत्री खेलकुदका कार्यक्रमलाई निरन्तरता दिई खेलकुदमा युवाहरुको संभावना प्रष्फुटन हुने कार्यक्रम सञ्चालन गरिनेछ।

३४.खेलकुद क्षेत्रमा युवाहरुको आकर्षण वृद्धि गर्न राष्ट्रिय खेलाडीको रुपमा छनौट हुने शान्तिनगरबासी युवा खेलाडीलाई प्रोत्साहन रकम उपलब्ध गराईनेछ ।

## कला, साहित्य, संस्कृति तथा पर्यटन पर्वर्धन तर्फः

३५. स्थानीय महत्वका ऐतिहासिक सांस्कृतिक धरोहरहरु जस्तै सुन्दरादेवी (सुकेकोट) मन्दिर, खर्काकोट दरबार लगायतका विभिन्न पर्यटकीय क्षेत्रहरुको पहिचान, संरक्षण, संवर्धन र प्रचारप्रसार गरी स्थानीय पर्यटनलाई प्रवर्धन गरिने छ ।

३६. शान्तिनगर गाउँपालिका भित्र रहेका विभिन्न प्रथा, परम्परा, कला, संस्कृति तथा नृत्यलाई पछिल्लो पिढिमा हस्तान्तरण एवं पुस्तान्तरण गर्दै साँस्कृतिक सम्पदाहरुको संरक्षण गर्ने नीति लिईनेछ ।

३७. थारू जातिका परम्परागत, हस्तकला सिपहरुको संरक्षण र प्रवर्धनका लागि पुस्तान्तरण विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

३८. शान्तिनगर गाउँपालिकाको प्रमुख संस्कृतिको रुपमा रहेको थारू संस्कृतिको विकासका लागि प्रचार प्रसार, संरक्षण गर्न आवश्यक कानुन तर्जुमा गरी अटवारी, अस्टम्की, दस्या, माघी पर्वलाई महोत्सबको रुपमा विकास गर्ने तथा गुरै पुजा संरक्षण तथा व्यवस्थापनको लागि विभिन्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

## स्वास्थ्य तर्फः

३९. नेपालगञ्ज तथा काठमाडौका अस्पतालहरुसंग सम्झौता मार्फत शान्तिनगर वासीलाई स्वास्थ्य सेवाको क्षेत्रमा विशेज्ञता सेवा उपलब्ध गराउने साथै भर्चुअल माध्यमबाट Tele-Medicine सेवा उपलब्ध गराईनेछ ।

४०. गुणस्तरिय र पर्याप्त खानामा दिगो पँहुच सुनिश्चित गर्दै सम्पूर्ण शान्तिनगर वासीलाई खाद्य सुरक्षा प्रत्याभुत गरिने छ ।कडा कुपोषित बालबालिकालाई शान्तिनगर गाउँपालिकामा रहेका ३ वटा स्वास्थ्य चौकीहरु बाघमारे, धनौरी, शान्तिनगर स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य सेवा केन्द्र दुबिचौरमा OTC केन्द्र स्थापना गरि उपचार गरिनेछ।

४१. व्यक्तिगत पारिवारिक, सामाजिक तथा प्राकृतिक घटनाले सिर्जना गरेका सवालहरुबाट उत्पन्न भएको मानसिक तनावलाई संवोधन गर्न घर-दैलोमा मनोसामाजिक परामर्शका गतिविधी सञ्चालन गरिनेछ ।

४२. शान्तिनगर गाउँबासीहरुलाई स्वच्छ आहार, योग, ध्यान, व्यायाम र सकारात्मक सोच सहितको जिवनशैली विकास तथा अनुसरण गर्न "निरोगी शान्तिनगर"अभियान चलाईनेछ ।

४३. दिगो बिकास लक्ष्य प्राप्तिको लागि सुत्केरी तथा नबजात शिशु स्वास्थ्य सुधार अन्तर्गत नर्सिङ कर्मचारीद्वारा सुत्केरी महिला सँगको घरभेट कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४४. **"उज्यालो संसारमा सबैलाई स्वागत"** अभियान अन्तर्गत आँखाको स्वास्थ्यलाई मध्येनजर गरि मोतिबिन्दुको निःशुल्क उपचार तथा आँखा जाँच शिविर संचालन गरिने छ।

४५. आयुर्बेदिक स्वास्थ्य उपचार विधि मार्फत शान्तिनगर बासीलाई स्वस्थ तुल्याउन आयुर्बेद आरोग्य केन्द्रको सेवाको विस्तार गरिनेछ ।

४६. सामुदायिक स्वास्थ्यको गुणस्तर अभिवृद्धि गर्ने सामुदायिक स्वास्थ्य स्वयंसेबिकाहरुलाई परिचालन र प्रोत्साहन गरिनेछ ।

४७. "रक्तदान जीवन दान" भन्ने नारालाई मूर्तरुप दिदै शान्तिनगर गाउँपालिकाका जनतालाई जटिल प्रकृतिको उपचारमा हुने रगतको अभावबाट मुक्त तुल्याउन रेडक्रस शाखा तुल्सिपुर सँगको सहकार्यमा रक्तसंचार सेवालाई प्रभाबकारी बनाईने छ ।

४८. दिगो बिकास लक्ष्य प्राप्तिका लागि शान्तिनगर गाउँपालिका भित्रका गर्भवती महिलाहरु र उनको परिवारलाई गर्भाबस्था तथा सुत्केरी अबस्थामा गरिने स्याहार, खतराका लक्षणहरु

नियमित गर्भजाँच, सन्तुलित आहार र स्वास्थ्य संस्थामा प्रसुती गराउनुको महत्वबारे नियमित अभिमुखिकरण गरिने छ ।

४९. शान्तिनगर गाउँपालिका भित्रका चौधरी समुदायमा सिकल सेल एनिमियाको उच्च जोखिम भएकोले समयमै पहिचान गरी रोकथाम गर्नको लागी सिकल सेल एनिमियाको शिविर संचालनमा ल्याईनेछ ।

५०. शान्तिनगर गाउँपालिकाको वडा नं. ०२ मा रहेको १५ सैया अस्पतालबाट विशेषज्ञता सहितको स्वास्थ्य सेवा शुभारम्भ गरिनेछ ।

## कृषि सेवा तर्फ

५१. "प्राङ्गारिक कृषि उत्पादनमा बृद्धि, कृषि उत्पादनमा सम्बृद्धि" भन्ने नाराका साथ प्राङ्गारिक कृषि प्रणालीको माध्यमबाट निर्वाहमुखी कृषि पेशालाई व्यवसायिक एवं प्रतिस्पर्धी बनाई कृषकको आय बढाउने नीति अवलम्वन गरिने छ। घरेलुस्तरमा वनस्पतिक विषादी तथा झोल मल सम्वन्धि तालिम संचालन ,भर्मिकम्पोष्ट ,हरियो मलको प्रयोगमा जोड दिइनेछ ।

५२. कृषि क्षेत्रको विकासमा सम्बन्धित सबै निकाय संग समन्वयतथा साझेदारी गर्दै आधुनिक कृषि प्रणालीको दिगो व्यवस्थापन मार्फत उत्पादन र उत्पादकत्व बृद्धि गराउन व्यावसायिक कृषिमा नागरिकहरुलाई जोडिने छ ।

५३. कृषक समुह र सहकारी मार्फत कृषिका गतिविधिमा हातेमालो गरी रोजगारी सिर्जना गर्ने र बजारीकरणको स्पष्ट मार्गचित्र सहितको ५ वर्षे कृषि गुरुयोजना निर्माण गरिनेछ ।

५४. आगामी आ.व. २०८२/८३ लाई "आधुनिक कृषि प्रवर्धन वर्ष" घोषणा गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

५५. साना, मझौला व्यवसायिक कृषकहरुको उत्पादनलाई बजारमुखी बनाई कृषि क्षेत्रको व्यवसायिकरण गर्ने लक्ष्य पुरा गर्न तथा बजार पहुँचको विस्तार गर्न कृषि एम्वुलेन्स कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

५६. वाझो रहदै आएका खेतियोग्य जमिनमा पुन-खेती गर्न कृषकहरुलाई प्रोत्साहन गर्दै कृषि क्षेत्रको विस्तार, उत्पादन र उत्पादकत्त्वमा वृद्धि गरी कृषकको आर्थिक स्थितिमा सुधार ल्याउन वाझो जग्गा सदुपयोग नीति अवलम्वन गरिनेछ ।

५७. किसान सूचिकरण कार्यक्रमबाट सबै किसानहरुलाई किसान सुचिकरण प्रणालीमा सुचिकरण गरी वास्तविक किसानको पहिचान र बर्गीकरण गरी किसान परिचय पत्र वितरण गरी आवश्यक सेवा उपलब्ध गराइने छ ।

५८. शान्तिनगर गाउँपालिकालाई खाद्यान्न बाली तथा नगदे बालीमा आत्मनिर्भर बनाउन खाद्यान्न र नगदे बालीको बीज बृद्धि कार्यक्रम अबलम्बन गरिने छ ।

५९. पालिकाबाहिरबाट आउने तरकारीको निरुत्साहन गरी तरकारीमा आत्मनिर्भर भई पोषण सुरक्षामा सुधार गर्न एक घर-एक करेसाबारी कार्यक्रम संचालन गरिने छ ।

६०. कृषकको घरआगनमै प्राविधिक सेवा भन्ने मूल नाराका साथ एकिकृत कृषि / पशु सेवा केन्द्रको स्थापना गरी प्राविधिक सेवाको विस्तार गरिने छ ।

६१. माटोको गुणस्तर कायम राखी उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न लुम्बिनि प्रदेश सरकारको माटो तथा मल परिक्षण प्रयोगशाला संग समन्वय गरी माटो परिक्षण शिविर संचालन गरिने छ ।

६२. कृषि उपजको बजारीकरण गर्न सामुहिक खेतीलाई प्रोत्साहन गर्ने, बजारमुखी उत्पादनमा जोड गर्ने, उत्पादन साथमा अनुदान हातमा (बिक्रि परिमाणमा आधारित प्रोत्साहनको व्यवस्था गर्ने ) कृषि उपज संकलन तथा बिक्रिवितरण केन्द्र स्थापना गर्ने, साप्ताहिक हाट बजार सञ्चालन गर्न आवश्यक प्रवन्ध मिलाउने, बजारीकरणमा सहजीकरण गर्न कृषि उपज संकलन तथा मुल्य निर्धारण समिति गठन गर्ने व्यवस्था मिलाइनेछ ।

६३. एक वडा एक कृषि/ पशुपन्छी उत्पादन पकेट कार्यक्रम संचालन गरिने छ ।

६४. स्थानीय र पोषिला बालीको उपभोग बढाउन खाद्य विविधिकरण गरी उपभोग गर्ने बानी र व्यवहार परिवर्तन गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

६५. कृषि उत्पादनलाई विभिन्न रोग तथा किराहरुबाट बचाउन आकस्मिक बाली संरक्षण सेवा कार्यक्रम संचालन गरिने छ ।

६६. रैथाने बालीका जातको संरक्षण गर्ने तथा कृषि जैविक विविधता संरक्षण गर्न रैथाने बालीको कम्पोजिट बीउ वितरण र प्रवर्द्धन गरिने छ ।

६७. व्यावसायिक रुपमा फलफुल ,बेमौसमि तरकारी खेती गर्न विउ विरुवा तथा सामाग्रीमा ५० प्रतिशत अनुदान दिईने छ ।

६८. साना किसान तथा लक्षित बर्गका लागि फलफूलका उन्नत विरुवा वितरण गरिने छ।

६९. पालिकामा आवश्यक पर्ने हावापानी सुहाउदो विभिन्न फलफुलजन्य विरुवा उत्पादन गर्न नर्सरी स्थापना गरिने छ ।

७०. गाउँपालिकामा रहेका सबै कृषकको सम्पर्कलाइ जोडी कृषकको समस्या र आबश्यक कृषि प्राविधिक सेवा प्रवाह छिटो छरितो गराउन गाउँपालिका स्तरिय किसान संजाल गठन गरी कृषक तथा समुहलाइ प्रोत्साहन गर्ने नीति लिइने छ ।

७१. शान्तिनगर गाउँपालिकामा लगाइने विभिन्न बालिको उत्पादन अबस्था जानकारि लिन बाली कटानी -क्रप कटिङ तथा रिपोर्टिङ कार्यक्रम संचालन गरिने छ ।

७२. स्थानीय रेथाने पशुपन्छी तथा बालीको जातको प्रवर्द्दन गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

७३. कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम लागु गरी आधुनिक तथा ब्यबसायिक खेति प्रणालीमा जोड दिइनेछ ।

७४. सहकारीहरुको कार्यक्षेत्र भौगोलेक स्थिति तथा सहकारीहरुको कार्य प्रगति विवरण हेरी सहकारीहरुलाई मर्ज गरी एक वडा एक सहकारीहरुको गठनमा जोड दिइने छ ।

## भौतिक पूर्वाधार तर्फः

७५. शान्तिनगर गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई नागरिक मैत्री गराउन तथा सबै जनतालाई एकिकृत सेवा सहज बनाउन गाउँपालिकाको आफ्नै स्वामित्वमा प्रशासनिक भवन निर्माणको प्रक्रिया थालनी गरिने छ ।

७६. निर्माण कार्यलाई गुणस्तरीय तथा व्यवस्थित बनाउनका लागि कर्मचारीसहितको ईन्जिनियरीङ प्रयोगशाला सन्चालन गरी गाउँपालिका बाट हुने सम्पुर्ण निर्माण कार्यको गुणस्तर परिक्षणको व्यवस्था मिलाईनेछ ।

७७. शान्तिनगर गाउँपालिकामा सम्भाव्यता अध्ययन गरि उपयुक्त ठाउँमा विद्युतिय शवदाह गृह निर्माण गरिने छ ।

७८. शान्तिनगर गाउँपालिका क्षेत्र भित्रका सबै भवनहरुलाई क्यूआर **(QR)** कोडमा आबद्ध गरिनेछ।

७९. एक वडा एक सिंचाइ पोखरी निर्माण कार्यक्रमलाई अगाडि बढाउन उपयुक्त गुरुयोजना बनाईनेछ ।

८०. "विकास र प्रकृति सँगसँगै" भन्ने नारा बमोजिम प्रत्येक वडामा रहेका मुहानहरुको संरक्षण गरी सभाव्यताको आधारमा पानीको संकलनको लागी उच्च डयाम निर्माण गर्दै प्रत्येक वडामा कम्तिमा एक जलाशय युक्त पोखरी निर्माण गरी त्यसमा मत्स्य पालन प्रद्धन गर्दै जलसोतको दिगो पहुँच एवं रोजगारी प्रवर्द्धन गरिनेछ ।

८१. शान्तिनगर गाउँपालिकाको क्षेत्राधिकार भित्रका पूर्वाधारहरुको निर्माण, विभिन्ननीति, योजना, परियोजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन तथा लागत प्रभावी बनाउन अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गरिनेछ।

८२. शान्तिनगर गाउँपालिकामा एक शान्ति पार्क स्थापनाका साथै शान्तिनगर गाउँपालिकाको खेलकुद क्षेत्रको संभावनालाई प्रस्फुटन गर्न संघीय सरकार तथा प्रदेश सरकार संग समन्वय गरि खेलकुद रंगशाला निर्माणको प्रक्रिया अगाडी बढाईनेछ ।

८३. शान्तिनगर गाउँपालिकामा सञ्चालित योजनाहरुको सरल र मूल्यवोधी कार्यान्वयनको लागि उपभोक्ता समितिलाई योजना कार्यान्वयनका बिषयमा अभिमुखिकरण गरिने व्यवस्था मिलाईनेछ ।

८४. हाँरीचार करेलेचौरमा पर्यटकीय पुर्वाधर तयार गरी दिगो पर्यावरणीय पर्यटन प्रवर्धनको कार्यक्रम सञ्चालन गरिने छ।

## पशु सेवा तर्फः

८५. पशु पालनमा संघीय सरकार, प्रदेश सरकार, निजीक्षेत्र, सहकारी, गैर सरकारी संस्था तथा सामुदायिक संस्था सँग हातेमालो गर्दै शान्तिनगर गाउँपालिकाको पहाडि क्षेत्रमा बाख्रापलान, मध्य क्षेत्रमा मौरी पालन तथा दुग्ध उत्पादन र तल्लो क्षेत्रमा दुग्ध उत्पादन तथा बंगुर पालनको हवको रुपमा स्थापित गरी पशु विमामा सहज पहुँच पुर्याई पशु पालनमा रहने जोखिमलाई न्यूनिकरण गरी व्यवसायिक पशु पालनमा प्रोत्साहन गर्ने नीति लिईनेछ ।

८६. पशु विकाशको लागी यस गाउँपालीकामा रहेका पशुपँक्षीहरुमा हुने रोगजन्य प्रकोपको सम्भावना भएका क्षेत्रमा निःशुल्करुपमा खोप सेवा विस्तार गरिनेछ।

८७. भौगोलिक अवस्थितिको आधारमा पशुपालनको सम्भाव्यता अध्ययन गरी सम्भावनाको आधारमा पशुपालनमा प्रोत्साहन गर्न अनुदानमा जोड दिइने छ ।

८८. व्यवसायिक पशु पालनमा जनतालाई प्रोत्साहन गर्दै नस्ल सुधारको लागि कृतिम गर्भाधानलाई प्रवर्द्धन गर्दै मासु दुध जन्य उत्पादनमा वृद्धि गरी जनताको आयआर्जनमा अभिवृद्धि गरीनेछ ।

८९. पशुपँक्षी फर्म, दाना उद्योग, एग्रोभेट, मासुपसल, डेरी उद्योग, दुग्ध चिस्यान केन्द्र जस्ता व्यवसाय विस्तार गर्न प्रोत्साहित गरीनेछ ।

९०. पशुपंक्षी प्रर्दशनी एवं हाट वजार प्रवर्द्धन गरी उत्कृष्ट पशुपालक पहिचान गरी सम्मान गर्दै पशुपालनलाई सम्मानजनक पेशाको रुपमा स्थापित गरिनेछ ।

९१. गाउँपालिका भित्र हुने पशुपंक्षी ओसारपसारमा नियमन गर्दै शान्तिनगर वाँसीलाई स्वस्थ मासु सेवनको व्यवस्था मिलाइने छ ।

९२. जनतालाई पशुपालन कर्जा, सरल कर्जा जस्ता अनुदानमा आधारित कर्जाहरुका वारेमा सुसुचित गरिनेछ छ ।

९३. पशु पालक सँग गाउँपालिका सँगसगै भन्ने नारा बमोजिम पशु पालनमा देखिने विभिन्न रोग तथा व्यवधानहरुका बारेमा निधान गर्न पशु पालकको घरमै पशु प्राविधिक पहुँच पुर्याईने नीति लिईनेछ ।

९४. पशुमा लाग्ने रोगको वारेमा विद्यालय तहमा नै जानकारी दिन शिक्षा शाखाको समन्वयमा प्रत्येक विद्यालयमा गाउँपालिकाका पशु प्राविधिकबाट समय समयमा कक्षा सञ्चालन गरिने नीति लिईनेछ ।

९५. शान्तिनगर गाउँपालिकाको पहाडीभेगमा पशु सेवा संग सम्बन्धित सेवा विस्तार गर्न पशु सेवा केन्द्र स्थापना गरिने छ ।

९६. गाउँपालिकालाई उन्नत घाँसको बिउ तथा पोषण युक्त डालेघाँसमा आत्मनीर्भर गराउन बिउ केन्द्र स्थापना गरिनेछ ।

९७. शान्तिनगर गाउँपालिकामा रहेका सहकारी सँग हातेमालो गर्दै विभिन्न स्थानमा दुध संकलन केन्द्र, चिस्यान केन्द्रस्थापना गरी कृषकको दुधलाई बजार पहुँच पुर्याउने नीति लिईनेछ ।

## भूमि सेवा केन्द्र तर्फः

९८. भूमिहीन सुकुम्बासीको वसोवासलाई व्यवस्थित तुल्याउन उपयुक्त क्षेत्रको पहिचान र छनौट गरी उपयुक्त र सुरक्षित वसोवासलाई प्रवर्द्धन गरिनेछ ।

९९. नाप नक्सा सम्बन्धी कार्यका लागिआवश्यक सम्पूर्ण प्रकृयाहरु पुरा गर्ने रआवश्यक संख्यामा जनशक्ति टोली गठन गरी नाप नक्साको लागी फिल्ड कार्यको सुरुवात गरीनेछ।

१००. अव्यवस्थित बसोबासी तथा भूमिहीन सुकुम्वासीहरुलाई व्यबस्थापनका लागि भूमि आयोगको सहयोगमा संचालित कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१०१. आधिकारिक सुकुम्बासीको पहिचान गरी सो परिवारलाई व्यबस्थापन गर्न आवश्यक प्रकृया अगाडि बढाईने छ।

१०२. शान्तिनगर गाउँपालिकामा भुमि सम्बन्धिको निस्सा वितरणको कार्य आगामी आ.व.मा सम्पन्न गरीनेछ।

## रोजगार सेवा केन्द्र तर्फः

१०३. आ.व. २०८२/०८३ मा स्थानिय स्तरमा रोजगार व्यवस्थापन गर्न श्रम बैकको स्थापना गरि सामुदायिक आयोजनाहरुमा पालिकाको लागत साझेदारी कायम गरिनेछ ।

१०४. आप्रवासी कामदार तथा तिनीहरूको परिवारको अधिकारको सुनिश्चित गर्ने नीति लिईने छ। जसको लागि प्रदेश सरकार, वैदेशिक रोजगार वोर्ड तथा संघीय सरकारसँगको समन्वय तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरूको परिवारलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, न्यायको लागि समन्वय सहजीकरण, मानसिक

स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिवृद्धि गर्नका लागि लक्षित कार्यक्रम संचालन तथा समन्वय गरिने छ ।

१०५. वैदेशिक रोजगारबाट फर्केका व्यक्ति (Returnee Volunteer) परिचालन गरी घरदैलोसम्म नै सुरक्षित वैदेशिक रोजगारी सम्वन्धि सचेतना प्रवाह गरिनेछ ।

१०६. स्वरोजगार, आन्तरिक रोजगार साथै वैदेशिक रोजगारसँग सम्बन्धित विषयलाई व्यवस्थित गर्न रोजगार सेवा केन्द्रलाई आन्तरिकरण गरी सिप तथा तालिम नीति तय गरी एकीकृत श्रम तथा रोजगारका सेवाहरुलाई लगानी अभिवृद्दी गरी मिसन रोजगारीको रुपमा प्रवाह गरिनेछ ।

१०७. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको प्रोफाइल तयार गरी उनीहरुको ज्ञान सीप अनुभव पुँजी र प्रविधिलाई उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्सहान गरिनेछ ।

१०८. श्रम र रोजगारीको क्षेत्रको समुचित व्यवस्थापनको लागि रोजगार रणनीति तयार गरी कार्यान्वयन गरिनेछ ।

## महिला बालबालिका तथा जेष्ठ नागरिक तर्फः

१०९. "जेष्ठ नागरिकको सम्मान हाम्रो दायित्व" भन्ने अभियान वमोजिम ७५ वर्ष भन्दा माथिका जेष्ठ नागरिकलाई हरेक ६/६ महिनामा घरघरमा गई स्वास्थ्य जाँच गरिने छ ।

११०. दिगो विकास लक्ष्य हाँसिलमा सहयोग पुर्याउन महिला विरुद्ध हुने सवै प्रकारका हिंसा, सामाजिक विभेद शोषण कुरिती अन्धविश्वास हटाउनका लागी गैर सरकारी क्षेत्र समेतको सहभागितामा जागरण र सचेतना अभियान संचालन गरिनेछ ।

१११. जेष्ठ नागरिक र अपांगता भएका व्यक्तीहरुको कानूनी प्रदत्त अधिकार र सेवासुविधा प्राप्तिमा सहजिकरण गरिनेछ ।

११२. शान्तिनगर गाउँपालिका भित्र रहेका अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क गणना गरी अपाङ्गता लक्षित रोजगारमूलक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

११३. समाजको आर्थिक सामाजिक तथा सांस्कृतिक सशक्तीकरण र नेतृत्व विकासको लागि कानूनी सचेतना, रोजगारी सिर्जना र उद्यमशिलता प्रवर्द्धन गर्न उचित लगानी गरिनेछ ।

## न्यायिक समिति तर्फः

११४. न्यायिक समितिको कार्य प्रणालीलाई व्यवस्थित गराउँदै सवै नागरिकको सरल पहुँच हुने प्रकारले न्याय निरुपणको लागि प्रत्येक वडामा रहेका मेलमिलापकर्तालाई सक्रिय

बनाउने र गरिब तथा कमजोर बर्गका नागरिकलाई न्यायमा पहुँच दिलाउन जनजिविकाका सवालहरुमा कानुनी साक्षरता प्रदान गर्ने अभियानलाई अगाडी बढाइनेछ ।

११५. छिटो छरितो न्याय निरुपणको लागि "द्रुत न्यायिक छिनोफानो" कार्यक्रम कार्यान्वयन गरिनेछ ।

## खानेपानी सरसफाई तथा उर्जा र वैकल्पिक उर्जा तर्फः

११६. **"शान्तिनगर बासीको रहरः उज्यालो शान्तिनगर"** भन्ने अभियान स्वरुप शान्तिनगर गाउँपालिका भित्रका सम्पूर्ण ग्राहकको न्यून्तम शुल्क गाउँपालिका मार्फत नेपाल विद्युत प्राधिकरणमा रकम दाखिला गर्ने व्यवस्था मिलाई स्वच्छ उर्जामा सम्पूर्ण नागरिकको पहुँच स्थापित गरिने छ ।

११७. स्वच्छ पानी तथा सरसफाई तर्फ दिगो विकास लक्ष्यको हासिल गर्न शान्तिनगर गाउँपालिका भित्रका ग्रामिण बस्तीमा शुद्ध पिउने पानीको व्यवस्था गर्न सरकारी तथा गैर सरकारी संस्था सँग समन्वय गरी थप कार्यक्रम संचालन गरिनेछ ।

११८. **"एक घर एक धाराः शान्तिनगरको अभिभारा"** नीति अन्तर्गत वास योजनाले तय गरे अनुसार खानेपानी नपुगेको सबै घरधुरी तथा सार्वजनिक निकायमा आधारभूत स्तरको खानेपानी सेवा पुर्याउने गरी कार्यक्रम संचालन गरिनेछ ।

११९. वैकल्पिक उर्जा प्रवर्धन नीति कार्यान्वयन गरिनेछ ।

## विकास, वातावरण र विपद जोखिम न्यूनीकरण तर्फः

१२०. वातावरण संरक्षण तथा संवर्द्धनमा जोड दिदै वातावरण मैत्री योजना संचालन गरीने नीति लिइने छ ।

१२१. सामुदायिक वनको संरक्षणमा समुदायलाई थप जिम्मेवार बनाउदै सामुदायिक वनको खाली क्षेत्रमा वृक्षारोपणमा स्थानीय सरकारबाट साझेदारी गर्दै वन तथा वातावरण संरक्षण र सम्वर्द्धनमा जोड दिइने छ ।

१२२. विपद जोखिमका क्षेत्रहरु पहिचान र नक्साङ्कन गरी जोखिमयुक्त क्षेत्रमा विकास निर्माणका गतिविधि सञ्चालन गर्दा जोखिम संवेदनशिलता ध्यानमा राख्दै विकास निर्माण सञ्चालन गरिनेछ।

१२३. शान्तिनगर गाउँपालिकामा विकास निर्माण सञ्चालन गर्दा **वातावरणीय प्रभाव मूल्यांकन र पर्यावरणीय जोखिम मूल्यांकन** गरी वातावरण र पर्यावरणीय अनुकुलित विकास गर्ने कार्य अगाडि बढाइनेछ ।

१२४. जोखिम युक्त क्षेत्रमा रहेका वस्तीलाई सुरक्षित क्षेत्रमा स्थानान्तरण गर्नेको लागी आवश्यक पहल गरिनेछ ।

१२५. विकासका लाभहरुलाई दिर्धकाल सम्म सुनिश्चित गर्नसरोकारवालाहरुको सहभागितामा दिगो विकास हासिल गरी  विकासका प्रतिफललाई समन्यायिक वितरण गर्दैसमानुपातिक समावेशी समाजको स्थापना गरिनेछ ।

१२६. संघिय, प्रदेशिक सरकार, अन्य गैर सरकारी संस्था एवं दातृ निकाय सँग साझेदारी गर्दै जलवायु वित्तमा पहुँच पुर्याई जलवायु परिर्वतनका असरबाट अनुकुलित हुदै जलवायु उत्थानशिल समुदाय निर्माणमा जोड दिइनेछ ।

## सामाजिक सुरक्षा तथा पंजिकरण तर्फः

१२७. सामाजिक सुरक्षा तथा पंजिकरण प्रणालीलाई अनलाइन प्रणालीमा व्यवस्थित गरिनेछ। सवै वडाका सचिवहरुलाई यस सम्वन्धी अभिमुखीकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

१२८. शान्तिनगर गा.पा. को अनलाइन प्रणालीमा आधारित घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई प्रविधिमैत्री बनाउदै लगिनेछ ।

१२९. लाभग्राहीहरुको राष्ट्रिय परिचय पत्रको आधारमा सामाजिक सुरक्षा परिचय पत्र नविकरण बायोम्याट्रिक भेरिफिकेसन प्रयोग गरी सामाजिक सुरक्षलाई व्यवस्थित गरिनेछ ।

१३०. लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता वाफतको रकम सोझै लाभग्राहिहरुको खातामा EFT मार्फत भुक्तानी हुने व्यवस्था मिलाईनेछ ।

१३१. राजश्व सुधार योजना तर्जुमा गरी राजश्व परिचालनको नीति अबलम्बन गरिनेछ ।

## सूचना प्रविधि तर्फः

१३२. गाउँपालिकाका सेवा र सूचनाहरु अनलाइन मार्फत प्रशारण गर्ने र वडा कार्यावियबाट उपलब्ध हुने सेवा सुविधाहरुलाई विद्युतीय प्रणालीबाट उपलब्ध गराउने व्यवस्थालाई अझ प्रभावकारी वनाइने छ ।

१३३. सेवा प्रवाहमा टोकन प्रणाली, जनतासँग जनप्रतिनिधिको प्रत्यक्ष संवाद रेडियो कार्यक्रम, डिजिटल नागरिक वडापत्र, डिजिटल नोटिस बोर्ड र सामाजिक सञ्जाल लगायत विविध प्रविधि सँग जोडिने छ।

१३४. पालिकाको सूचना प्रवाहका लागि एकद्धार प्रणाली अपनाइनेछ । सूचना अधिकारी मार्फत जानकारी गराई सूचना प्रदान गरिनेछ ।

आन्तरिक आय र राजस्व परिचालन तर्फः

१३५. आगामी आ.व २०८२।८३ मा गा.पाको आन्तरिक स्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, कर प्रशासनको क्षमता अभिवृदि, करका दायरा विस्तारमा जोडदिदै राजश्व चुडावटलाई नियन्त्रण गरिनेछ ।

१३६. गाउँपालिकाले असुल गर्नुपर्ने कर राजश्वलाई प्रभावकारी र पारदर्शी बनाउन सबै वडा कार्यालयहरुमा सुत्र सफ्ट वयरप्रणाली (SuTRA software system) मार्फत गाउँपालिकाको राजश्व शाखाबाट दैनिक अनुगमन र सुपरिवेक्षण गर्ने व्यवस्था मिलाईने छ ।

१३७. यस गा.पाबाट असुल गरिने सम्पत्ति कर,घरजग्गा बहाल कर,व्यवसाय कर,विज्ञापन कर तथा अन्य करहरुलाई गा.पाबाट प्रवाह गरिने सेवासंग एकिकृत तथा आवद्ध गर्ने व्यवस्था गरिनेछ ।

१३८. कृषि व्यवसाय तथा कृषिसंग सहकार्य गर्ने व्यक्ति,समुह तथा सहकारी समुहहरुको प्रर्वदनका लागि व्यक्ति, समुह र सहकारी सस्थाहरुको दर्ता नविकरणमा अन्यको तुलनामा कम कर/शुल्क लगाइनेछ ।

१३९. प्रस्ताविक करहरु संकलनको लागि पार्दशिता र प्रभावकारिता अपनाउन आवश्यक पर्ने कार्यविधि तथा राजश्व सुधार कार्ययोजनाले दिएका सुझावहरुको व्यावहारिक कार्यान्वयन गरिनेछ ।

१४०. यस गा.पा अन्तर्गत बसोबास गर्ने हरेक नागरिक,उपभोत्ता समितिका पदाधिकारी तथा कर शुल्क बुझाउनु पर्ने दायित्व भएको अन्य सबै व्यक्ती,सस्था आदिले गा.पालाई बुझाउनु पर्ने कर शुल्क समयमा नबुझाएमा गा.पाबाट प्रवाह हुने सबै प्रकारका सेवा सुविधाहरुलाई क्रमश रोक्का गरी कर तिर्ने वातावरण सृजना गरिनेछ ।

१४१. घर नक्सापास मापदण्ड लागु भईसकेकोले नक्सापास प्रकृया अनिवार्य बनाई राजश्वमा बृद्दी गरिनेछ।

१४२. ढुङ्गा,गिट्टी,वालुवा, माटो,ग्राभेल आदि उत्खनन तथा निकासीका लागि आइ इ इ (I.E.E) भएका क्षेत्रबाट कार्यविधि बमोजिम राजश्व संकलन गरिनेछ ।

१४३. यस गा.पाभित्र विभिन्न राजश्वका स्रोतहरुको दायरा विस्तार गरि करको दायरामा आउन छुट भएका विषयहरुलाई अनुगमनको माध्यमबाट पहिचान गरि राजश्व बृद्दी गरिनेछ।

१४४. गाउँपालिकाको क्षेत्रभित्रका चलनचल्ती तथा सहमतिमा रहेका सडकहरुको लगत कट्टा गरि घरबाटो सिफारिस तथा जग्गा रजिस्ट्रेशनबाट प्राप्त हुने राजश्व अभिवृद्दी गरिनेछ ।

**गाउँ सभाका सम्पूर्ण सदस्यहरु,**

शान्तिनगर गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ को प्रस्तुत नीति तथा कार्यक्रमले नेपालको संविधानमा उल्लेखित संवैधानिक व्यवस्था, स्थानीय तहका एकल तथा साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएका व्यवस्था तथा अन्य कानुनी तथा नीतिगत प्रावधानहरूको प्रभावकारी कार्यान्वयन मार्फत "**शान्तिनगर गाउँपालिकाको दायित्व, सुशासन र समृद्धिको स्थायित्व**" भन्ने सपनालाई साकार पार्नेछ। यस नीति तथा कार्यक्रममा अन्तर्निहित उद्देश्य प्राप्त गर्न शान्तिनगर गाउँपालिकाले संघ प्रदेश र अन्य स्थानीय तहसँग समन्वय गरेर कार्यक्रम कार्यान्वयन गर्ने नीति अवलम्बन गर्नेछ। प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनमा शान्तिनगर गाउँपालिकालाई सबैबाट अतुलनीय योगदानका साथै सक्रिय सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

अन्त्यमा, शान्तिनगरमा क्रियाशिल सबै राजनीतिक दल, कार्यरत राष्ट्रसेवक कर्मचारी, शिक्षक, सुरक्षाकर्मी, मजदुर, किसान, उद्योगी व्यवसायी, बैंक तथा वित्तीय क्षेत्र, सामुदायिक तथा सहकारी क्षेत्र, नागरिक समाज, पत्रकार लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।शान्तिनगर गाउँपालिकाको अग्रगामी विकासमा अहोरात्र खटिएर निरन्तर सहयोग गर्दै आउनुभएका सम्पूर्ण महानुभाव तथा गैर आवासीय शान्तिनगर बासी दाजुभाई तथा दिदीबहिनीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा समेत निरन्तर सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्दछु ।आम जनताको राय सुझाबलाई ग्रहण गर्दै शान्तिनगर गाउँपालिकाको विकास र सम्वृद्धिको अभियानमा हातेमालो गर्न विशेष आह्वान गर्दछु।

हार्दिक धन्यवाद ।